# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रीय कार्यालय, Central Office**

**हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal**


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ भदौ १४ गते

**मानव अधिकार अवस्थाका बारेमा आयोगका पदाधिकारी र थारु समुदायका सभासदहरु बीच छलफल,**

**आयोगकै पहलमा सर्वपक्षीय वार्ता गरी समस्याको निराकरण गर्न सभासद्हरुको आग्रह ।**

राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी र विभिन्न राजनीतिक दलका थारु समुदायका सभासद् बीच मूलुकको वर्तमान अवस्था र मानव अधिकारको स्थितिका बारेमा आज छलफल भएको छ ।

तराईका विभिन्न जिल्लाहरुमा सीमाङ्कन र कैलालीको टीकापुर घटना लगायतका विषयलाई लिएर भइरहेको आन्दोलनका कारण नागरिकमा पर्न गएको असुविधा तथा मानव अधिकार हननका विषयमा आयोगका अध्यक्ष अनुपराज शर्मा, सदस्यहरु प्रकाश वस्ती र गोविन्द शर्मा पौड्याल तथा सभासद्हरु सुरेन्द्र चौधरी, रामजनम चौधरी, तेजलाल चौधरी, जनकराज चौधरी, अमन मोदी र गोपाल दहितका बीच छलफल भएको थियो ।

छलफलमा समाभसद्हरुले आफ्ना समुदायका मागहरु नयाँ बन्ने संविधानमा सम्बोधन गर्नुपर्ने, टीकापुर लगायत तराइका विभिन्न जिल्लामा सेना परिचालन गरी कर्फ्यु लगाएकोले मानव अधिकारको स्थिति नाजुक रहेको, टीकापुरको घटनामा व्यापक सुरक्षाकर्मी परिचालन गरी धरपकड गर्ने कार्य गरिएको, कर्फ्युका कारण नागरिकले सहज रुपमा जीवन यापन गर्न नपाई असहज वातावरण सिर्जना भएको बताएका थिए ।

यसैगरी आन्दोलनका क्रममा थारु महिलाहरुलाई दुर्व्यहार गरिएको, युवाहरु घर छाडी भाग्नु परेको तथा गृह प्रशासन निष्पक्ष हुन नसकेको, झुठा मुद्दाहरुमा युवाहरुलाई फसाइएको, कर्फ्युको समयमा सभासद् समेतका घर, सम्पत्तिमा तोडफोड तथा आगजनी गरी सामाजिक सद्भाव खल्बलाइदा समेत प्रशासन मौन रहेकोले आयोगकै पहलमा सर्वपक्षीय वार्ता गरी समस्याको निराकरण गर्न सभासद्हरुले आयोगको ध्यानाकर्षण गराएका थिए ।

छलफलमा आयोगका अध्यक्ष अनुपराज शर्माले शान्तिपूर्ण तवरले विना हातहतियार सभा, जुलुस गर्न पाइने, आफ्ना मागहरु राख्न पाइने, मानिसको भयरहित वातावरणमा स्वतन्त्रतापूर्वक बाच्न पाउने अधिकारको सुनिश्चित हुनुपर्ने र हर हालतमा मानव अधिकारको उच्च सम्मानका साथ रक्षा हुनुपर्ने कुरामा जोड दिनुभयो । आयोगले मानव अधिकारको रक्षा गर्ने आफ्नो दायित्वमा कुनै किसिमको सम्झौता नगर्ने कुरामा अध्यक्ष शर्माले दृढता व्यक्त गर्नुभयो । बन्दका क्रममा प्रदर्शन हुर्दा कैलाली लगायतका जिल्लामा घटेको घटनाप्रति दुःख व्यक्त गर्दै अध्यक्ष शर्माले शान्ति, सुरक्षा अमनचयनको प्रत्याभूति हुनुपर्नेमा जोड दिनु भयो ।

आयोगका सदस्य सुदीप पाठकको नेतृत्वको एक टोली कैलाली क्षेत्रमै रहेको र अर्का सदस्य मोहना अन्सारीको नेतृत्वको टोली नवलपरासी, रुपन्देही, कपिलवस्तु र दाङ्ग क्षेत्रमा अनुगमनमा रहेको छ । रौतहट, सर्लाही, सप्तरी, महोत्तरी, सिरहा र धनुषा जिल्लामा आयोगको टोलीले मानव अधिकार अवस्थाको बारेमा निरन्तर अनुगमन गरिरहेको छ । यसैगरी सदस्य गोविन्द शर्मा पौड्यालको नेतृत्वको एक टोली मानव अधिकारको स्थितिको अनुगमन गर्न भोलि मोरङ, सुनसरी, झापा, इलाम लगायतका पूर्वाञ्चलको क्षेत्रमा जाने भएको छ ।

वेदप्रसाद भट्टराई

का.मु. सचिव


**फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल**

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org